AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०८३ मंसिर ३ गते

३५ औं साधारण सभासम्बन्धी सर्कुलर ३ !!

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३५ औं साधारण सभामा सहभागिताका लागि योग्य ठहरिएका सबै समूह र युथ नेटवर्कका संयोजक र सदस्यहरू,

विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३५ औं साधारण सभा स्थल र छलफलका विषयवस्तु (एजेण्डा) सम्बन्धी जानकारी तथा साधारण सभामा सहभागी हुने प्रतिनिधि सिफारिस गरी पठाउने र प्रतिनिधि सहभागिता दर्ता शुल्क सम्बन्धमा।

मिति **२०८३ मंसिर १८ र १९ गते (तदनुसार ४ र ५ डिसेम्बर २०२६)** आयोजना हुन लागिरहेको एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३५ औं साधारण सभा** लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको बुटवलमा आयोजना गरिने निर्णय भएको व्यहोरा यहाँहरू सबैमा यसैसाथ जानकारी गराइन्छ। यसअघि कर्णाली प्रदेशको सुर्खेतमा सो सभा आयोजना गरिने निर्णय गरिएको भएपनि सुर्खेतमा सोही समय आयोजना हुने दशौं राष्ट्रिय खेलकुद कार्यक्रम तथा विवाहको सिजन आदिका कारण सुर्खेतमा उपयुक्त सभास्थल उपलब्ध नभएकोले नेसनल बोर्डले ३५ औं साधारण सभा बुटवलमा आयोजना गर्ने निर्णय गरेको हो।

यस ३५ औं साधारण सभामा यहाँहरूको आ-आफ्नो समूह वा युथनेटवर्कबाट सहभागी हुने प्रतिनिधिको नाम र तोकिएबमोजिमका अन्य विवरणहरू यसै सर्कुलरका साथ समावेश गरिएको रजिस्ट्रेसन फारममा विधिपूर्वक भरी सो फारमका साथै समूह/युथनेटवर्कको कार्यसमिति निर्णयको प्रतिलिपि पनि समावेश गरी यही मिति २०८३ मंसिर ८ गते मंगलबार भित्र राष्ट्रिय सचिवालयको इमेल ठेगाना info@amnestynepal.org मा पठाउनुहुन यसैसाथ हार्दिक अनुरोध गर्दछु।

पुनश्चः एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००५) को नवौं संशोधन २०८२ (सन् २०२५) को दफा ९.३. को उपदफा (१) को (ग) अनुसार साधारण सभामा प्रत्येक समूह र युथनेटवर्कले एक जना प्रतिनिधि पठाउनुपर्ने र त्यसरी प्रतिनिधि पठाउने निर्णय गर्दा विविधता र समावेशिताको मर्मलाई ख्याल राख्न प्रोत्साहित गरिएको व्यहोरा अनुरोध छ। साथै नेसनल बोर्डको निर्णय नं १६१८ अनुसार ३५ औं साधारण सभामा सहभागी हुने २५ वर्षमूनिका युवा प्रतिनिधिहरूका लागि रू ३०० र गैर युवा प्रतिनिधिहरूका लागि रू ५०० दर्ता शुल्क निर्धारण गरिएको पनि यसै साथ जानकारी गराइन्छ।

साथै ३५ औं साधारण सभाको छलफलका विषयवस्तुहरू (एजेण्डा) पनि यसै इमेलसाथ प्रेशित गरिएको छ। साधारण सभासम्बन्धी अद्यावधिक जानकारीका लागि एम्नेस्टी नेपालको वेबपेजमा यहाँ निरन्तर भिजिट गर्दै गर्नुहुन पनि यसै साथ अनुरोध गरिन्छ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल